## बाँके जिल्ला अदालत नेपालगंज, बाँकेबाट जारी भएको दसीको सामान सवारी साधन फिर्ता लिन आउने सम्बन्धी ७ (सात) दिने सुचना

सुचना नं.१।०७९/८० तहसिल फाँट सुचना प्रकाशित मिति २०७९/११/८

उपरोक्त सम्बन्धमा यस अदालतमा विभिन्न मितिमा दायर भएका सरकारवादी फौजदारी मुद्दामा अभियोग पत्रसाथ दाखिल हुन आई जिन्सीमा आम्दानी बाधिएका सवारी साधनहरुको व्यवस्थापन गर्नु पर्ने भएकोले कानूनले फिर्ता दिन मिल्ने एबं अन्तिम फैसलाले फिर्ता दिने ठहरीएका एवं जफतको मागदावी भएको भएतापनी प्राविधिक मुल्याङ्कन बमोजिमको रकम दाखेला गरेमा फिर्ता गर्न सकिने भएकोले सो सवारी साधनहरु सम्वन्धित ब्यक्तिले आफ्नो हक पुग्ने प्रमाण सहित उपस्थित भई जफत दावी भई चालु मुद्दाको हकमा रकम दाखिला गर्न यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस अदालतमा उपस्थित हुनु होला। सो मिति भित्र ती सवारी साधनहरु फिर्ता लिन नआए, सो सवारी साधनहरु प्राविधिक मुल्याङ्कन बमोजिम लिलाम बिक्री गरी आएको रकम धरौटीमा जम्मा गरीने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।